# भरतपुर खानेपानी व्यवस्थापन बोर्ड

## भरतपुर, चितवन

## आ.ब. २०७३/०७४ को वार्षिक प्रतिवेदन

### १. पृष्ठभूमिः

भरतपुर महानगरपालिका उच्च जनसंख्या बृद्धिदर भएको नगरमध्यको एक हो । साबिक भरतपुर नगरपालिका ( वडा नम्बर १-१४) मा छिमेकी पाँच गा.वि.स.हरु मंगलपुर, फुलबारी, गितानगर, शिवनगर र पटिहानी लाई गाभेर नेपाल सरकारले मिति २०७१।८।१६ मा भरतपुर उप–महानगरपालिका घोषणा गरेपश्चात उप–महानगरपालिकामा २९ वटा वडाहरु रहेका थिए । पुनः मिति २०७३।११।२७ को नेपाल सरकार मन्त्रिपरिषदको निर्णयले साविकका नारायणी नगरपालिका, चित्रवन नगरपालिका र कविलाश गा.वि.स समेत थप गरी महानगरपालिकामा स्तर उन्नती गरेपछि हाल भरतपुर महानगरपालिकामा २९ वटा वडाहरु रहेका छन । राष्ट्रिय जनगणना २०६८ अनुसार २०६८ आषाढ मसान्तको भरतपुर महानगरपालिका (वडा न. १-१४) को घरसंख्या २४,१४३, जनसंख्या १,४३,८३६ र बार्षिक जनसंख्या बृद्धिदर ४.७६ थियो । साथै थप भएका पाँच गा.वि.स. हरुको २०६८ आषाढ मसान्त सम्मको घरसंख्या ११,७९१, जनसंख्या ५६,०३१ र औसत बार्षिक जनसंख्या बृद्धिदर १.५१ थियो । यसैगरी पछिल्लोपटक थप भएका नारायणी न.पा, चित्रवन न.पा र कविलाश गा.वि.स हरुको २०६८ आषाढ मसान्तसम्मको जम्मा घरसंख्या १८५३६, जनसंख्या ८०६३५र औसत बार्षिक जनसंख्या बृद्धिदर करीब १.५१ थियो । उल्लेखित जनसंख्या बृद्धिदरका आधारमा प्रक्षेपण गर्दा २०७३ आषाढ सम्मको भरतपुर महानगरपालिकाको कुल जनसंख्या ३,३९,३८६ र घर संख्या करीब ६५,०९२ हुन आउँछ ।

भरतपुरमा जुगेडि खोलावाट खानेपानी आपुर्तिको शुरुवात खानेपानी तथा ढल निकास विभागवाट वि.सं. २०३३ देखि शुरु भएको हो । जापान सरकारको सहयोगमा वि.सं. २०५० सालमा दुइवटा ट्यूबवेल, रामनगर फिल्टर प्लाण्ट, १६०० घ.मी.को पानीपोखरी र थप वितरण लाईन निर्माण गरि आयोजनाको सुधार विस्तार गरियो । यो आयोजना वि.सं. २०५६ श्रावण १ गतेदेखि नेपाल खानेपानी संस्थान भरतपुर शाखालाई हस्तान्तरण गरियो । बि.सं.२०६१ मा जुगेडी प्रणालि बाढिबाट क्षतिग्रस्त भई रामनगर र देबघाट क्षेत्रको सेवा अवरुद्ध बन्न पुग्यो । संस्थानले त्यसको उचित मर्मत संभार गर्न र समयानुकुल सेवा प्रणालीको विस्तार गर्न सकेन । सेवा विस्तारको लागि तात्कालिन भरतपुर नगरपालिकाले खानेपानी व्यवस्थापन वोर्ड मार्फत खानेपानी सेवा सञ्चालन गर्ने र सरकारले खानेपानी संस्थान, भरतपुर शाखाको सम्पत्ति तथा दायित्व भरतपुर खानेपानी व्यवस्थापन बोर्डमा हस्तान्तरण गराईदिने गरि शहरी तथा वातावरणीय सुधार परियोजना (Urban and Environmental Improvement Project, UEIP) अन्तर्गत नेपाल सरकारको ऋण तथा अनुदानमा भरतपुर खानेपानी आयोजनाका नयां संरचनाहरुको निर्माण कार्य गरिएको हो । यो आयोजना आ.ब. २०६२।०६३ मा शुरु भई आ.ब.२०६७।०६८ मा सम्पन्न भएको हो ।

### २. भरतपुर खानेपानी व्यवस्थापन बोर्डको गठनः

#### उद्धेश्य,कार्यक्षेत्र तथा बोर्डको गठनः

खानेपानी व्यवस्थापन बोर्ड ऐन २०६३ ले महानगरपालिका क्षेत्रमा खानेपानी तथा सरसफाई सेवालाई नियमित, व्यवस्थित, गुणस्तरयुक्त र सुलभ बनाई यस क्षेत्रका बासिन्दालाई भरपर्दो सेवा प्रदान गर्ने गराउने उद्देश्य सहित सम्बन्धित नगरपालिकाको परामर्शमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरि नेपाल सरकारलाई खानेपानी व्यवस्थापन बोर्ड गठन गर्न सक्ने अधिकार प्रदान गरेको छ । यस ऐन अन्तर्गत गठन हुने बोर्ड एक अविच्छिन्न उत्तराधिकारवाला स्वशासित संगठित संस्था रहने व्यवस्था छ । तत्कालिन भरतपुर नगरपालिकाको सिफारिसमा खानेपानी व्यवस्थापन बोर्ड ऐन २०६३ को दफा ३(१) बमोजिम नेपाल सरकार तात्कालिन भौतिक योजना तथा निर्माण मन्त्रालय (हालको खानेपानी तथा सरसफाई मन्त्रालय), माननिय मन्त्रिस्तरको मिति २०६४।०५।३१ गतेको निर्णय अनुसार भरतपुर खानेपानी व्यवस्थापन बोर्ड गठन भएको हो । नेपाल सरकारले मिति २०६७।०१।०६ को राजपत्रमा बोर्ड गठनको सूचना प्रकाशित गरि सम्पुर्ण भरतपुर नगरपालिका क्षेत्रलाई बोर्डको कार्य क्षेत्र तोकेको छ । नेपाल सरकारले भरतपुर नगरपालिकालाई महानगरपालिका घोषणा गरे पश्चात यस महानगरपालिकाको सम्पुर्ण क्षेत्र नै यस बोर्डको कार्यक्षेत्र हुन गएको छ । बोर्डले नेपाल सरकारसँग भौतिक योजना तथा निर्माण मन्त्रालय (हालको खानेपानी तथा सरसफाई मन्त्रालय) मार्फत सम्पर्क गर्नुपर्ने व्यवस्था छ ।

#### कार्यसमिति सम्बन्धि व्यवस्थाः

खानेपानी व्यवस्थापन बोर्ड ऐन २०६३ ले बोर्डको कार्यकारी समितिमा भरतपुर महानगरपालिकाको प्रमुख-१, स्थानिय उद्योग बाणिज्य संघको अध्यक्ष-१, नेपाल सरकारको प्रतिनिधि-१, गरि ३ जना पदेन सदस्य र बोर्डबाट मनोनित स्थानीय उपभोक्ता संघको अध्यक्ष-१, खानेपानी क्षेत्रमा कार्यरत गैर सरकारी संस्थाको प्रतिनिधि-१, र सम्बन्धित क्षेत्रको विज्ञ सदस्य-१ गरि ३ जना मनोनित सदस्य रहने व्यवस्था गरेको छ । सम्बन्धित मन्त्रालयले नेपाल सरकारको प्रतिनिधिको रुपमा खानेपानी तथा सरसफाई डिबिजन कार्यालय चितवनका प्रमुखलाई बोर्ड सदस्य तोकेको छ । मनोनित सदस्यहरुको पदावधि चार बर्षको हुने, सदस्यहरुमध्येबाट अध्यक्षको चयन गर्ने, बोर्डले खुल्ला प्रतिस्पर्धाको प्रक्रिया बाट प्रतिस्पर्धा गराई कार्यकारी

निर्देशक छनौट गरि नियुक्ति गर्ने र नीजले बोर्डको सचिव भई काम गर्ने कानूनी व्यवस्था छ । हाल वोर्डको मनोनित तिनै जना सदस्यहरुको पदावधी समाप्त भएकोले तत्काल नयाँ सदस्य नियुक्ती गर्नुपर्नेछ ।

**बर्तमान कार्यसमितिका सदस्यहरु:**

**पदेन सदस्यहरु:**

क) अध्यक्ष: भरतपुर महानगरपालिकाका प्रमुख, श्री रेनु दाहाल
ख) सदस्य: खानेपानी तथा सरसफाई डिभिजन कार्यालय चितवनका डिभिजन प्रमुख, श्री शालिकराम पौडेल
ग) सदस्य: स्थानिय उद्योग बाणिज्य संघका अध्यक्ष, श्री राजन गौतम

**मनोनित सदस्यहरु:**

घ) सदस्य: स्थानीय उपभोक्ताका संघको तर्फबाट प्रतिनिधि: ***छनौट हुन बाँकी***
ङ) सदस्य: खानेपानी तथा सरसफाई क्षेत्रमा कार्यरत गैरसरकारी संस्थाको तर्फबाट प्रतिनिधि: ***छनौट हुन बाँकी***
घ) सदस्य: खानेपानी तथा सरसफाई क्षेत्रको विज्ञ तर्फबाट प्रतिनिधि: ***छनौट हुन बाँकी***

**३. शुरुदेखि हालसम्म बोर्डले गरेका मुख्य नीतिगत एवं व्यवस्थापकिय कार्यहरु:**

- "भरतपुर खानेपानी व्यवस्थापन बोर्ड नियमावली, २०६६" तयार गरी नेपाल सरकारबाट स्वीकृत भएको ।
- "कर्मचारी प्रशासन विनियमावली २०६९" र "आर्थिक प्रशासन विनियमावली २०६९" तयार गरी नेपाल सरकारबाट स्वीकृत भएको ।
- मिति २०६९।०५।२० मा नेपाल खानेपानी संस्थान, भरतपुर शाखाको सम्पत्ती र दायित्व बोर्डमा हस्तान्तरण गरि लिएको ।
- जनश्रमदान बापत तत्कालको लागि भरतपुर महानगरपालिकाले बोर्डलाई उपलब्ध गराएको सापटी रकम रु. २ करोड १० लाख १५ हजार र शुरुको सापटी रु. १ लाख समेत गरी जम्मा रु. २ करोड ११ लाख १५ हजार उपमहानगरपालिकालाई फिर्ता गरिएको ।
- खानेपानी महशुल निर्धारण आयोग मार्फत नयाँ महशुल तथा सेवा शुल्कहरु निर्धारण गरी मिति २०७० फागुन १ गतेदेखि लागु गरिएको ।
- बोर्डको बार्षिक बजेट, कार्यक्रम, प्रगति, आम्दामी, खर्च र लेखा परिक्षण प्रतिवेदन समावेश गरिएको बार्षिक प्रतिवेन नियमित रुपमा खानेपानि तथा सरसफाई मन्त्रालयमा पठाईएको, उल्लेखित सबै प्रतिवेदनहरु बोर्डको वेभसाईट www.bwsmb.org.np मा राखिएको ।
- बोर्डको बार्षिक कार्यक्रम, बार्षिक प्रगति, बिनियोजित बजेट तथा खर्च र नागरिक वडापत्रको फलेक्स प्रिन्ट बनाई सबैले देख्ने स्थानमा टाँगेर राख्ने गरिएको ।
- कर्मचारीहरुको विद्युतिय हाजीरी प्रणाली लागु गरिएको ।
- बोर्डको संगठन संरचना र दरबन्दी स्वीकृत गरिएको ।
- कर्मचारी पदपुर्ति सम्बन्धि निर्देशिका तयार भई स्वीकृत भएको ।

**क्षमता विस्तार:**

- प्रेमबस्ती, नारायणपुर, गौरीगंज, तोरीखेत, कैलासनगर, लक्ष्मीपुर, आनन्दपुर, धनगाडा र पटिहानीमा खानेपानी तथा सरसफाई डिभिजन कार्यालय चितवन, भरतपुर महानगरपलिका तथा स्थानीय उपभोक्ताहरुसंगको सहकार्यमा नयाँ खानेपानी प्रणालीहरु निर्माण शुरु गरेको
- उपभोक्ताहरुको सहयोगमा हालसम्म बोर्डलाई ८ कठ्ठा जग्गा निशुल्क प्राप्त भएको । धनगाडामा ३ कठ्ठा र पटिहानीमा २ कठ्ठा गरि जम्मा ५ कठ्ठा जग्गा खरिद गरिएको । लक्ष्मीपुर राममन्दिरमा मन्दिरकै स्वमित्वमा रहने र वोर्डले भोगचलन गर्ने गरी करिव १५ धुर जग्गा प्राप्त गरी डिप बोरिङ्ग समेत निर्माण भएको
- नयाँ सेवा क्षेत्रमा ८ वटा र पुरानो सेवा क्षेत्रमा ५ गरि जम्मा १३ वटा डिप ट्युववेलहरुको निर्माण गरिएको, १ वटा सेवा प्रणाली हस्तान्तरण गरि लिईएको
- दैनिक पानी उत्पादन क्षमता १ करोड ५० लाख लिटरबाट १ करोड ८७ लाख लिटर पुऱ्याईएको
- पुरानो प्रणालीभित्र १०४.७९१ कि.मी.र नयाँ प्रणालीमा १३९.२१४ कि.मि. गरि जम्मा २४४ कि.मि. थप वितरण लाईन बिस्तार गरिएको
- उपभोक्ता समिति मार्फत संचालित रोज गार्डेन खानेपानी आयोजना बोर्डमा हस्तातरण भई २०७३ जेष्ठ महिना देखि वोर्डको स्वामित्वमा आएको । यस आयोजना अन्तर्गत १० धुर जग्गा, डिप ट्युबबेल- १, २५ के.भि.ए.को ट्रान्सफर्मर-१, ४.५५ कि.मि. वितरण पाईपलाईन, पम्प घर-१ र ग्राहक संख्या १६७ रहेको

- ➢ वितरण लाईन जडान भएका स्थानहरुमा ग्राहकले मागेकै दिनमा धारा स्वीकृत गरि सुख्खा समयमा ४,५ दिन भित्र र अन्य समयमा १,२ दिन भित्रमानै नयाँ धारा जडान गरिँदै आएको

**चुहावट नियन्त्रणः**

- ➢ पानी दूरुपयोग गर्ने ग्राहकहरुमध्ये आ.ब. २०७३।०७४ मा २७ जनाबाट रु. २,६३,९०० जरिवाना वापत थप महशुल संकलन गरिएको
- ➢ मिटर नभएका ग्राहकहरुको संख्या १० प्रतिशतबाट ०.५ प्रतिशतमा मा झारीएको, शत प्रतिशत मिटरिङ् गर्ने उद्धेश्य हुँदाहुँदै केहि सरकारी कार्यालयहरु मिटर राख्न ईच्छुक नदेखिएकोले १००% मिटरिङ् हुन नसकेको
- ➢ सबै ग्राहकहरु नम्बरिङ्ग गरिएकोले मिटर रिडिङ्ग कार्य बढि प्रभावकारी भएको
- ➢ उल्लेखित प्रयास स्वरुप बोर्डले सेवा प्रणाली लिएको समयमा चुहावट दर २८% बाट यस आ.ब.को अन्तसम्म २५ %मा झरेको छ, प्राविधिक कारणले सामान्यतः चुहावट दर २०% भन्दा कम गर्न सकिँदैन

**४. शहरी तथा वातावरणीय सुधार परियोजना अन्तर्गत निर्माण भएको प्रणालीको खर्च तथा ऋण सम्बन्धि संक्षिप्त विवरणः**

- ✓ आयोजनाको कूल खर्चः रु. २६ करोड २६ लाख ८८ हजार
- ✓ नेपाल सरकारको अनुदानः रु. १६ करोड २८ लाख ६६ हजार
- ✓ भरतपुर नगरपालिकाले नेपाल सरकारबाट प्राप्त ऋणः रु. ७ करोड ८८ लाख ६ हजार
- ✓ जनश्रमदान बापत बोर्डले उपभोक्ताबाट संकलन गर्नुपर्ने रकम मध्ये भरतपुर महानगरपालिकाले बोर्डलाई उपलब्ध गराएको सापटी रकमः २ करोड ११ लाख १५ हजार (यो रकम हाल फिर्ता भईसकेको)
- ✓ यो प्रणाली बोर्डबाट संचालन हुँदै आएको छ । विधिवत रुपमा नगरपालिकाबाट हस्तान्तरण भई सकेको छैन । बोर्डले सेवा प्रणालीसंग जोडिएको ऋण तिर्ने प्रतिबद्धता सहितको संझौताको ड्राफ्ट तयार गरि भरतपुर महानगरपालिकालाई पठाईसकेको छ ।

**५. खानेपानी सेवा प्रणालीको संक्षीप्त विवरणः**

यस बोर्ड अन्तर्गत तालिका नं. १ अनुसार संस्थानबाट प्राप्त ११ करोड ६९ लाख २५ हजार, ४३२ भ.न.पा.को शहरी तथा वातावरणीय सुधार परियोजना बाट प्राप्त २३ करोड ४५ लाख ४६ हजार ८२२ र बोर्डले आफ्नो आन्तरिक श्रोत र अन्य सहयोगी संस्थाहरुको सहयोगमा निर्माण गरेको १४ करोड ३९ लाख ३० हजार ९५७ गरी जम्मा रु. ४९ करोड ५४ लाख ३ हजार २११ वरावरको सम्पत्ति छ । उक्त सम्पत्ति संगै रु. ७ करोड ८८ लाख ०६ हजार वरावरको ऋणको साँवा तथा ब्याजको दायित्व छ ।

तालिका नं. १ : भरतपुर खानेपानी व्यवस्थापन बोर्डले संचालन गरेको सेवा प्रणालीको विवरण

| विवरण | नेपाल खानेपानी संस्थानबाट प्राप्त | तात्कालिन भ.उ.म.न.पा.बाट प्राप्त (UEIP Project) | बोर्डबाट निर्मित (भ.म.न.पा., उ.स. र अन्य सहयोगमा ) | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| डिप ट्यूबवेल | ८ वटा | ५ वटा, | १३ वटा, | २६ वटा, | रोज गार्डेन १ |
| जेनेरेटर | १ सेट (१००के.भि.ए.) | ३ सेट (१००के.भि.ए.२, १८० के.भि.ए. १) | १ सेट (८२.५ के.भि.ए.) | ५ सेट (१०० के.भि.ए.३, १८० के.भि.ए. १ ८२.५ के.भि.ए. १) | |
| पानी पोखरीको संख्या र क्षमता | २ वटा (४०० घ.मी. ओभरहेड १,१२०० घ.मी. जमिन १) | ३ वटा (४५०घ.मी. ओभरहेड १, ९०० घ.मी. जमिन १ १००० घ.मी.जमिन १ | १ वटा ४५० घ.मी.ओभरहेड १ ४०० घ.मी जमिन १ | ६ वटा ४८०० घ.मी. (१३०० घ.मी. ओभरहेड , ३५०० घ.मी. जमिन | |
| कार्यालय भवन | २ वटा | | १ वटा | ३ वटा | |
| पाइपलाईनको लम्बाइ | ७८ कि.मी. (DI, GI, HDPE) | २१४ कि.मी (HDPE) | २४४ कि.मि., रोज गार्डेन ४.५५ कि.मि | ५४० कि.मि. (HDPE) | |

| | | | | | |
|---|---|---|---|---|---|
| स्थिर सम्पत्तीको मूल्य, रु. (२०७४ आषाढ मसान्तको मुल्यमा) | ११,६९,२५४३२ | २३,४५,४६८२२ | १४,३९,३०९५७ | ४९,५४,०३२११ | ह्रासकटटी कटाएर |

## ६. भरतपुर महानगरपालिकामा वर्तमान खानेपानी सुविधाको स्थिति (२०७३ आषाढ मसान्त सम्मको):

- महानगरपालिका भित्रका करिव ६५,०९२ घरधुरी मध्ये  २१,३१९ ग्राहकहरु मार्फत करीब १,३३,८८३ जना जनसंख्यालाई बोर्डबाट शुद्ध र ब्यबस्थित खानेपानी सेवा उपलब्ध गरिएको
- करीब ४५०० घरधुरीमा उपभोक्ता समिति मार्फत संचालित स-साना खानेपानी स्कीमहरु साविक नगरपालिका भित्रका (रामनगर, ठिमुरा, देवघाट, जखडीमाई, कृष्णपुर र बाईसबिघा) र हाल महानगरपालिका भित्र रहेका मुख्य गरेर मेघौली, जगतपुर, शुक्रनगर, गुन्जनगर र कविलाशका बिभिन्न खानेपानि आयोजना मार्फत सेवा पुगेको
- संस्थागत/व्यक्तिगत डिप बोरिङ्ग मार्फत नगर भित्रका करीव ५० प्रतिशत जनसंख्याले डिप बोरिङ्गको शुद्ध पिउने पानीको सुबिधा लिएका, करीव १५%ले नेटवर्क भएर पनि सेवा नलिएको, ३५% लाई डिप बोरिङ्को सुविधा छैन, यसको माग बढ्दो छ ।
- भरतपुर महानगरपालिका तथा खानेपानि तथा सरसफाई डिभिजन कार्यालय, चितवनको साझेदारीमा विकास गरेका खानेपानी आयोजनाहरु मध्य प्रेमबस्ती, गौरीगंज, तोरीखेत, कैलासनगर, आनन्दपुर, धनगाडा, लक्ष्मीपुर, जखडिमाई र पटिहानी निर्माणकै चरणमा
- आ.व. २०७२।०७३ मा खानेपानी तथा सरसफाई डिभिजन कार्यालयबाट प्रेमबस्तीमा ४५० घ.मी. पानी टंकीको निर्माण सम्पन्न भएको र यसबाट महानगरको ७ नम्बर वडा क्षेत्रको सेवामा उल्लेखनिय सुधार देखिएको
- आँपटारिमा वोर्ड, जि.बि.स. अन्तर्गतको सांसद कोष विकास कार्यक्रम र आंपटारी खानेपानी उपभोक्ता समितिको संयुक्त लगानीमा ४०० घ.मी.को ग्राउन्ड पानी टंकीको निर्माण कार्य सम्पन्न भई सञ्चालनमा आएको
- वार्ड नं. २२ मा पटिहानी खानेपानी आयोजनाको लागि २ कठ्ठा जग्गा खरिद गरी १ वटा डिप ट्युववेल निर्माण, बिद्युतिकरण लगायत १२ कि. मि. पाईप लाईन बिच्छयाउने कार्य सम्पन्न भएको
- थप भएका वडाहरु (१५-२९) मध्ये फुलबारीमा कैलासनगर पम्पबाट थप पाईपलाईन विस्तार गरि आंशिक सेवा दिईएको, मंगलपुर बजारको केहि भागमा आनन्दपुर पम्पबाट सेवा विस्तार गरिएको
- मंगलपुर, गीतानगर र फुलबारीक्षेत्रका बाँकी केहि भागहरुमा बोर्डको मौजुदा प्रणाली बिस्तार गरि सेवा दिन सकिने
- खानेपानी तथा सरसफाई डिभिजन कार्यालयको बार्षिक कार्यक्रममा आ.ब. २०७२।०७३ देखि नै पार्वतीपुर, फुलबारी, शिबनगर र पटिहानी खानेपानी आयोजना समावेस भएका छन् । आ.ब. २०७३।०७४ देखि वार्ड नम्बर ११ को लागि जखडीमाई खा.पा.आ, मंगलपुरको लागि भरतपुर १५, १६ डिप बोरिङ्ग तथा मंगलपुर खा.पा.आ., कैलासनगर खा.पा.आ. र गीतानगर खा.पा.आ. र आनन्दपुर आ.पा.आ. सुधार विस्तार कार्यक्रममा समावेश भई प्रत्येक नयाँ खा.पा.आ.को लागि थप केहि बजेट बिनियोजन भएको
- प्रस्तावित सबै नयाँ आयोजनाको लागि आ.ब. २०७४।०७५ मा आवश्यक जग्गा ब्यवस्थापन गरि बिस्तृत सर्वेक्षण तथा लागत अनुमान तयार गर्न सकिएमा आगामी १०, ११ बर्ष भित्र यस महानगरपालिकाका सबै वडाहरुमा डिप बोरिङ्ग बाटै ब्यवस्थित खानेपानीको सुविधा पुऱ्याउन सकिने
- बोर्डको सेवा क्षेत्रमा नयाँ आयोजना निर्माण गर्दा नयाँ उपभोक्ता संस्थाहरु समेत दर्ता गर्दै जाँदा भविश्यमा बोर्ड र उपभोक्ता संस्था वीच संस्थागत दोहोरोपना आउने र नगरको खानेपानी ब्यवस्थापनमा एकरुपता नहुने भएकोले यस सम्बन्धमा उपयुक्त नीतिगत ब्यवस्थाको लागि खानेपानी तथा सरसफाई मन्त्रालयमा लेखि पठाईएकोमा सम्बन्धित मन्त्रालयबाट बोर्डलाई उपभोक्ता संस्थाकै रुपमा लिई खानेपानी तथा सरसफाई डिभिजन कार्यालय र बोर्ड विचको सहलगानीमा नयाँ आयोजनाहरु निर्माण गर्न सकिने गरि नीतिगत निर्णय भई आएको

## ७. बोर्डको बर्तमान तथा भावी कार्ययोजना:

सन् २०१७ सम्म सबैलाई आधारभुत स्तरको खानेपानी तथा सरसफाई सुविधा उपलब्ध गराउने नेपाल सरकारको लक्ष अनुसार आफ्नो सेवा क्षेत्रमा आधारभुत वा मध्यम स्तरको खानेपानी तथा सरसफाई सुविधा उपलब्ध गराउनु यस बोर्डको पहिलो र प्रमुख दायित्व रहेको छ। आफ्नो व्यवस्थापन संयन्त्र समेत पूर्णरुपमा तयार भई नसकेको अवस्थामा आफ्नो श्रोतबाट मात्र उल्लेखित लक्ष हासिल गर्नु असम्भव प्राय देखिन्छ । यसको लागि बोर्डले भरतपुर महानगरपालिका, खानेपानी तथा सरसफाई मन्त्रालय, खानेपानी तथा ढल निकास विभाग तथा अन्य विभिन्न सरकारी एवं गैर सरकारी संघ संस्थाहरुसँग सहकार्य र साझेदारी लगानीमा थप नयाँ आयोजना र कार्यक्रमहरु संचालन गर्नुपर्ने हुन्छ ।

यसै सन्दर्भमा खानेपानी तथा सरसफाई मन्त्रालय अन्तर्गतको खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, भरतपुर चितवन मार्फत सह-लगानीमा आयोजनाका थप निर्माण कार्यहरु संचालन गर्ने गरि धनगाडा खानेपानी आयोजनाको सह-लगानी सम्बन्धी प्रस्ताव खानेपानी तथा ढल निकास विभागमा पठाईएकोमा र उक्त आयोजना स्वीकृत भईसकेको र आ.व. २०७२।०३ मा त्यसको विस्तृत डिजाईन प्रतिवेदन तयार भई यसै आ.व.मा विद्युतिय ठेक्का प्रस्ताव आव्हान गरी निर्माण सम्झौता समेत सम्पन्न भै आयोजनाका निर्माण कार्यहरु शुरु गरिएको छ। खानेपानी व्यवस्थापन बोर्ड ऐन २०६३ बमोजिम यस संस्थालाई दिईएको जिम्मेवारी अनुरुप खानेपानी तथा सरसफाई नियमित, व्यवस्थित भरपर्दो बनाउन भरतपुर खानेपानी व्यवस्थापन बोर्डले विगतका वर्षहरुमा जस्तै आगामी दिनहरुमा निम्न अनुसारका कार्यक्रमहरुलाई निरन्तरता दिंदै थप केही कार्यक्रमहरु संचालन गर्नुपर्ने देखिन्छ।

- खानेपानी सुविधाको लागि अत्याधिक अभावग्रस्त क्षेत्रहरु र उपभोक्ताहरुवाट माग भई आएका, खानेपानीको पाईपलाईन नपुगेका सडक वस्तिहरुमा आवश्यकता अनुसार हरेक वर्ष नँया पाईपलाईन थप विस्तार गर्दै जाने
- उपभोक्ताहरु स्वयंबाट संचालन गरिदै आएको खानेपानी आयोजना स्कीमहरुलाई सम्बन्धित उपभोक्ता समितिसँग वार्ता गरि बोर्डको स्वामित्वमा ल्याई उक्त आयोजनाको सञ्चालन व्यवस्थापन सम्वन्धि जिम्मा वोर्डले लिने वा उपभोक्ता आंफैले संचालन व्यवस्थापन गर्न चाहेमा आवश्यक प्राविधिक र ब्यवस्थापकिय सहयोग गर्ने
- हाल मौजुदा खानेपानी भण्डार गर्ने क्षमता (Storage Capacity) ज्यादै न्युन रहेकोले आवश्यक आर्थिक श्रोत जुटाएर खानेपानी भण्डार गर्ने क्षमतालाई क्रमशः वृद्धि गर्दै लैजाने
- वोर्डको मुख्य कार्यालय भवन रहेको भरतपुर १० मा विद्यमान ४०० घन मिटरको क्षमताको ओभरहेड टंकीको साईज अत्यन्त न्युन भएकोले करीब १६०० घनमिटर क्षमता भएको ओभरहेड टंकी निर्माणको लागि आवश्यक पहलकदमि गर्ने
- खानेपानी तथा सरसफाई डिभिजन कार्यालय भरतपुर, चितवनवाट गत वर्षहरुमा जस्तै शुरु गरिएका फुलवारी, शिवनगर, शारदानगर र पटिहानीका खानेपानी आयोजनाहरु र यसै आ.व. वाट शुरु हुने भरतपुर १५, १६ डिपवोरिङ्ग खा.पा.आ., मंगलपुर खा.पा.आ., कैलाशनगर खा.पा.आ. र जखडीमाई खा.पा.आ.हरुमा वोर्डको समेत लगानी गरी आयोजनालाई छिटो सम्पन्न गर्ने र त्यसको संचालन व्यवस्थापन जिम्मा वोर्डले लिने
- आ.व. २०७३।०७४ को वजेटमा समावेश भएका जखडीमाई मंगलपुर १५, १६ डिप वोरिङ्ग, मंगलपुर, कैलाशनगर, गितानगर र आनन्दपुर खानेपानी सुधार विस्तार आदिको निर्माणको लागि आवश्यक पर्ने जग्गा लगायत स्थानिय श्रोत साधन जुटाउने कार्यमा भरतपुर महानगरपालिका संगको सहयोग समन्वयमा खा.पा. तथा स.स.डि.का. संग सहकार्य गर्ने
- भरतपुर महानगरपालिकाका विभिन्न टोल विकास संस्थाहरु लगायत अन्य गै.स.सको सहयोग र सहकार्यमा प्रदुषण रोकथाम, चुहावट नियन्त्रण, पूर्ण सरसफाई कार्यक्रम, वातावरणमैत्री वार्ड, टोल घोषणा कार्यक्रम, ग्राहक सचेतना जस्ता स्वास्थ्य तथा सरसफाई सम्वन्धि प्रवर्धनान्तमक कार्यक्रमहरु संचालन गरी वोर्ड र सेवाग्राही विचको सम्वन्ध थप सुमधुर वनाउने
- भरतपुर महानगरपालिका संगको सहकार्य र समन्वयमा बिगतका बर्षहरुमा जस्तै फोहर पानी व्यवस्थापन, वातावरणीय सरसफाई आदि सम्बन्धि जनचेतनामुलक कार्यक्रमहरु सञ्चालन गरी ठोस तथा तरल फोहर व्यवस्थापनमा महानगरपालिकालाई आवश्यक र रचनात्मक सहयोग गर्ने
- महानगरपालिका क्षेत्रभित्रका अत्यावश्यकिय र मानिसहरुको वढी हिडडुल गर्ने स्थान र चोकहरुमा व्यवस्थित सार्वजनिक शौचालयहरु निर्माण गर्ने
- स्वास्थ्य तथा सरसफाई र वातावरण संरक्षण आवश्यक नीति नियम तयार गर्न भरतपुर महानगरपालिकालाई सहयोग गर्ने

८. **कर्मचारी व्यवस्था:** सेवा प्रणालीसगै नेपाल खानेपानी संस्थानबाट सरी आएका चार जना स्थायी कर्मचारी सहित हाल बोर्डमा ६ जना स्थायी, करारमा कार्यरत ४२ जना र कार्यकारी निर्देशक १ सहित जना ४९ जना कर्मचारीहरु कार्यरत छन्। दैनिक केहि समयमात्र संचालन हुने पम्पहरु, पानीको गुणस्तर परीक्षण र ईलेक्ट्रोमेकानिकल उपकरणहरु मर्मत संभारको लागि ६ जना ब्यक्तिहरुलाई (Outsourcing) गरि काममा लगाईएको छ।

**९.भरतपुर खानेपानी व्यवस्थापन वोर्डको आ.ब. २०७३।०७४ आम्दानी खर्चको स्थिति:**

**आम्दानीः**

आ.ब. २०७३।७४ मा पानी महशुल वापत रकम रु. ७ करोड ४६ लाख ३१ हजार बिलिङ्ग भएको छ । अघिल्ला बर्षहरुको उठ्नुपर्ने रकम रु. १ करोड १६ लाख ७० हजार गरी जम्मा पाउनु पर्ने रकम रु. ८ करोड ६३ लाख १ हजार मध्ये यस वर्ष रु. ७ करोड २७ लाख ४८ हजार महशुल (छुट रकम कटाएर) संकलन भई आ.ब.को अन्तमा रु. १ करोड ३७ लाख २८ हजार बराबरको महशुल रकम उठ्न बाँकी देखिन्छ । खानेपानी तथा सरसफाई डिभिजन कार्यालय लगायत अन्य संस्थहरुको अनुदान, धारा जडान शुल्क लगायत विभिन्न शिर्षकवाट रु. २ करोड ३४ लाख ३२ हजार प्राप्त भएको छ । दुबै मिलाएर खुद आय रु. ९ करोड ६१ लाख ८० हजार भएको छ । गत वर्षको वैंक वाँकी रु. २ करोड ६२ लाख २५ हजार समेत गरी आ.ब. २०७३।०७४ को कुल आम्दानी रु. १२ करोड २४ लाख ६ हजार हुन आउँछ । उल्लेखित रकम आ.ब. २०७२।०७३ को बार्षिक लक्ष्यको ११०.०३ प्रतिशत हो ।

**खर्चः**

यस बर्ष विभिन्न शिर्षकहरुमा तालिका नं. २ बमोजिम रु. ४ करोड ३३ लाख ४६ हजार संचालन खर्च भएको छ । कुल आयमा संचालन खर्च घटाउँदा रु. ७ करोड ९० लाख ६० हजार संचालन वचत भएको छ ।  संचालन बचतमध्ये पूंजीगत तर्फ रु. ३ करोड ६२ लाख २२ हजार खर्च भई आर्थिक बर्षको अन्तमा रु. ४ करोड २८ लाख ३७ हजार वैंक मौज्दात रहेको छ । यो रकम गत बर्षको वैंक मौज्दात भन्दा रु. १ करोड ६६ लाख १२ हजारले बढि हो ।

आ.ब. २०७३।०७४ को लक्षित तथा वास्तविक आम्दानी खर्चको विस्तृत विवरण निम्न अनुसार छ ।

# आ. व. २०७३/०७४को लाक्षित तथा वास्तविक आम्दानी खर्च

| आम्दानी तर्फ | | | खर्च तर्फ | | | |
|---|---|---|---|---|---|---|
| आम्दानी शिर्षक | लक्षित (रु.) | वास्तविक (रु.) | खर्च शिर्षक | स्वीकृत वजेट रकम रु. | वास्तविक खर्च रु. | फरक रु. |
| गत आ.व. को अ.ल्या. | 26225883 | 26225883 | त्लव | 16000000 | 15539665 | 460335 |
| पानी महशुल (विलिङ) | 76110000 | 74631355 | भत्ता | 1700000 | 1693734 | 6266 |
| पानी महशुल (प्राप्त) | 70000000 | 72747965 | वैठक भत्ता | 120000 | 116500 | 3500 |
| अग्रिम महशुल | 600000 | 514475 | दैनिक भ्रमण भत्ता | 250000 | 219490 | 30510 |
| धारा जडान शुल्क | 8400000 | 8413000 | सेवा महशुल | 300000 | 212685 | 87315 |
| पाईप फिटिङ्ग विक्री | 600000 | 105870 | टेलिफोन महशुल | 160000 | 159390 | 610 |
| निवेदन दस्तुर | 700000 | 679210 | परामर्श सेवा | 400000 | 199100 | 200900 |
| कार्ड विक्री | 90000 | 85050 | चन्दा पुरस्कार | 20000 | 1500 | 18500 |
| नामसारी ठाँउसारी | 300000 | 279240 | तालिम, गोष्ठी, ग्राहक सचेतना तथा चुहावट नियन्त्रण कार्यक्रम | 550000 | 403358 | 146642 |
| वैंक व्याज | 800000 | 1681852 | ग्राहक नम्वरिङ्ग कार्यक्रम | 150000 | 147291 | 2709 |
| विविध | 100000 | 62400 | वातावरणिय सरसफाई कार्यक्रम | 400000 | 314568 | 85432 |
| थप महशुल | 500000 | 263962 | पानी सुरक्षा योजना | 300000 | 189867 | 110133 |
| धरौटी | 2100000 | 2102250 | अतिथि सत्कार | 120000 | 118482 | 1518 |
| जरिवाना | 400000 | 2899540 | ईन्धन सवारी | 300000 | 298247 | 1753 |
| ग्राहक नम्वर प्लेट | 220000 | 221400 | विद्युत महशुल | 17000000 | 16560407 | 439593 |
| जनसहभागिता धनगाडा, आँपटारी, पटिहानी उ.स.) | 210000 | 5330663 | ईन्धन सवारी | 3300000 | 1761000 | 1539000 |
| धरौटी (निर्माण व्य.) | | 793363 | मसलन्द कार्यालय सामान | 350000 | 346068 | 3932 |
| | | | लेखा परिक्षण | 130000 | 94118 | 35882 |
| | | | छपाई | 600000 | 598567 | 1433 |
| | | | पुस्तक तथा पत्र पत्रिका | 20000 | 14400 | 5600 |
| | | | औषधी खरिद | 150000 | 135600 | 14400 |
| | | | विविध खर्च | 100000 | 97607 | 2393 |
| | | | मर्मत | 200000 | 197030 | 2970 |
| | | | उपदान कोष | 1500000 | 1500000 | 0 |
| | | | खानेपानी महशुल निर्धारण आयोगको सेवा शुल्क | 630000 | 623871 | 6129 |
| | | | महशुलमा छुट | 1750000 | 1803930 | -53930 |
| | | | **चालु कार्यक्रमको जम्मा** | 46500000 | 43346474 | 3153526 |
| | | | भरतपुर खा.पा.आ.मर्मत | 4000000 | 3992942 | 7058 |
| | | | भरतपुर खा.पा.आ. सुधार विस्तार | 13500000 | 13381762 | 118238 |
| | | | प्रेमवस्ती खा.पा.आ. | 1500000 | 3425199 | -1925199 |
| | | | कैलाशनगर खा.पा.आ. | 300000 | 271110 | 28890 |
| | | | आनन्दपुर खा.पा.आ. | 1500000 | 1459949 | 40051 |
| | | | धनगाडा खा.पा.आ. | 5000000 | 4986913 | 13087 |
| | | | पटिहानी खा.पा.आ. | 5000000 | 7493393 | -2493393 |
| | | | फर्निचर खरिद | 200000 | 116074 | 83926 |
| | | | कार्यालय उपकरण खरिद | 300000 | 185794 | 114206 |
| | | | भवन मर्मत, रङ्गरोगन, सेड निर्माण | 500000 | 455777 | 44223 |
| | | | जग्गा खरिद | 15000000 | 0 | 15000000 |
| | | | सवारी साधन खरिद | 500000 | 453650 | 46350 |
| | | | **पुंजीगत कार्यक्रमको जम्मा** | 47300000 | 36222563 | 11495748 |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | जम्मा खर्च रु. | 93800000 | 79569037 | 14649274 |
| यस वर्षको जम्मा | 85020000 | 96180241 | बैंक वाँकी रु. | 17445883 | 42837087 | |
| कुल जम्मा | 111245883 | 122406125 | कुल जम्मा रु. | 111245883 | 122406125 | |

१०. आ.व.२०७३/०७४ मा बोर्डवाट गरिएका मुख्य मुख्य कार्यहरु समग्रमा यस प्रकार छन् ।

- भरतपुर महानगरपालिकाका विभिन्न वडाहरुमा जम्मा ५२.५ कि.मि. थप पाईप लाईन बिस्तार गरिएको ।
- मंगलपुर बजारको केहि भाग, फुलवारी र तोरीखेतको केही भाग सम्म सेवा विस्तार गरिएको
- प्रेमबस्तीमा कालिका खा.पा.आ. र खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, भरतपुरबाट गत आ.व. २०७२।०७३ मा ९०% कार्य सम्पन्न भैसकेको ४५० घ.मि.को ओभरहेड टंकी यसै आ.व.मा सम्पन्न भई वोर्डवाट Inlet तथा Outlet भल्वहरु जडान गरी उक्त टंकीवाट उपभोक्ताहरुलाई खानेपानी वितरण शुरु गरिएको
- पटिहानी खानेपानी आयोजना अन्तर्गत पटिहानी र पकौडी वजार क्षेत्र लगायत केही वस्ति क्षेत्रहरुमा समेत गरी कुल १२९५० मिटर पाईपलाईन विस्तार गरिएको र वोरिङ्ग साईट सम्म विद्युतिय प्रशारण लाईन जडान कार्य सम्पन्न भएको
- गत आ.व.को अन्त्य सम्म करिव ७५% निर्माण कार्य सम्पन्न भैसकेको आँपटारीमा निर्माणधित ४०० घ.मि. क्षमताको पानी संकलन गर्ने जमिन टंकीको सम्पूर्ण निर्माण कार्य सम्पन्न भई Inlet तथा Outlet पाईप र भल्व कनेक्शनहरु समेत सम्पन्न भई यसै आ.व.वाट पानी वितरण शुरु गरिएको
- नेपाल सरकार खानेपानी तथा सरसफाई मन्त्रालयको नेपाल सरकार सचिवस्तरको मिति २०७३।१२।१० को निर्णय अनुसार यस वोर्डलाई आफ्नो भौगोलिक कार्यक्षेत्रमा रही सहलगानी मार्फत खानेपानी तथा सरसफाई आयोजनाहरुमा थप विस्तार तथा सुदृढिकरण गर्न नितीगत निर्णय भए अनुसार धनगाढा सहलगानी खा.पा.आ.को निर्माण ठेक्का मार्फत यस आ.व.वाट शुरु भएको
- भरतपुर महानगरपालिका वडा नम्वर ५ लक्ष्मिपुर स्थित राममन्दिर व्यवस्थापन समितिले मिति २०७३।०१।२७ गते गरेको अनुरोध अनुसार साविक मंलगपुर गा.वि.स. वार्ड नम्वर ३ क हाल भरतपुर ५ को कित्ता नम्वर ५८ को क्षेत्रफल ०-५-१५ जग्गा मध्य उत्तरी भागमा जग्गा मन्दिरकै स्वमित्वमा रहने गरी डिप वोरिङ्ग गरी खानेपानी लाईन विस्तार गर्न यस वोर्डलाई अन्दाजी १५ धुर जग्गा उपलव्ध भएकोले उक्त क्षेत्रफल वरावरको जग्गा नाँपजाँच गराई चारकिल्ला सिमाना लगाई यसै आ.व.मा डिप वोरिङ्ग गरिएको र पानीको अभावग्रस्त केही क्षेत्रहरुमा पाईपलाईन विस्तार समेत गरिएको
- यस आ.ब.मा २००० निजि धारा वितरण गर्ने लक्ष्य रहेकोमा केही वढी २१५६ वटा निजि धारा वितरण भएको
- यस वोर्डको कृष्णपुर स्थित कार्यालय परिसर भित्र रहेको ४५० घ.मी. क्षमताको ओभरहेड टंकी, पालेघर र पम्पघरमा रङ्गरोगन गरिएको
- कृष्णपुर स्टेशनमा २ वटा ट्रान्सफर्मरको विद्युत खपतको एउटै मिटरले विलिङ्ग गर्ने व्यवस्थाको लागि सि.टि मिटर जडान गरिएको
- खानेपानी व्यवस्थापन वोर्डको Mobile Application को शुरुवात गरिएको
- महशुलमा प्रयोग गरिएको Software Update गरिएको

आयोजना /कार्यक्रमगत रुपमा गरिएका कामहरुको बिस्तृत विवरण निम्नानुसार छन्

## १०.१ भरतपुर खानेपानी आयोजना सुधार विस्तारः

- वोर्डको कृष्णपुर स्थित कार्यालय परिसर भित्र रहेको ४५० घ.मी. क्षमताको ओभरहेड टंकी, पालेघर र पम्पघरमा रङ्गरोगन गरिएको
- खानेपानी व्यवस्थापन वोर्ड, जि.वि.स.चितवनको निर्वाचन क्षेत्र विकास कार्यक्रम र उपभोक्ताको संयुक्त लगानीमा आँपटारीमा निर्माणधिन ४०० घनमिटर क्षमताको पानी संकलन गर्ने जमिन टंकीको सम्पूर्ण निर्माण कार्य सम्पन्न भई यसै आ.व.वाट पानी वितरण शुरु गरिएको
- भरतपुर २ आँपटारीमा ४ र भरतपुर ७ प्रेमवस्तीमा १ गरी ५ वटा विभिन्न साईजका भल्व च्याम्वर निर्माण
- भरतपुर सुधार विस्तार कार्यक्रम अन्तर्गत यस आ.व.मा ५२.५ कि.मि. थप पाईपलाईन विस्तार गरिएको
- तोरीखेत पम्प स्टेशनको टि.ओ.डि. मिटर विग्रिएकोले नँया मिटर राख्नको लागि नेपाल विद्युत प्राधिकरणमा निवेदन दिई वारम्वार ताकेता गरिरहेको र हाल उक्त स्टेशनमा विद्युत प्राधिकरणले औषल विलिङ्ग गर्ने गरेको

**वितरण प्रणाली थप भएका मुख्य स्थानहरु :**

| वडा नं. | स्थान | परिमाण (मि.) | कैफियत |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| 1 | वागेश्वरी प्राकृतिक चिकित्सालय | १५०० | |
| 2 | मितेरी टोल, त्रिमार्ग टोल, त्रिकोन टोल | 900 | |
| 3 | बाह्रघरेटोल | 500 | |
| 4 | शितल टोल, बेलचोक | 870 | |
| 5 | विष्णु चोक, कल्याणपुर बजार, छमुखे चोक, मेडिकल कलेज अगाडी, स्मल हेभेन स्कूल नजिक, लाङ्घाली चोक, रामघाट चोक पश्चिम, जगन्नाथचोक, मंगलपुर बजार, लालीगुराँश समुह, बैकुण्ठ पथ, बागलुङ बेलेवा टोल | 9380 | |
| 6 | आदित्यचोक, यज्ञपुरी चोक, अन्नपुर्ण टोल, | 1085 | |
| 7 | कृष्णपुर अफिस अगाडी, दिपज्योती टोल, तेह्रसाल चोक, | 6952 | |
| 8 | पारसनगर, अशोक टोल | 800 | |
| 9 | कोका कोला फ्याक्ट्रि पछाडी, | 6000 | |
| 10 | प्रगतीटोल, सैनीक टोल, कालीका टोल, सप्तगण्डकी चोकदेखी अशोक टोल, सितल पथ, प्रगतीपथ टोल, | 2156 | |
| 11 | नयाँ किरण टोल, गणेशस्थान मार्ग, जखडीमाई मार्ग, समन्वय टोल, मनकामना टोल, सिद्धीविनायक टोल, बसेनी बजार टोल, निलगिरी टोल, जागृती नगर टोल, अरनीको टोल, नहर चोक, गणेशस्थान, अमन चोक | 4590 | |
| 12 | शुभलक्ष्मी मार्ग, मुनाल चोक,वियर फ्याक्ट्री नजिक, हुलाक चोक | 1035 | |
| 15 | आनन्दपुर, हरिहर क्षेत्र टोल, स्वर शान्ति टोल , फुलवारी | 6287 | |
| 13,14,22 | पटिहानी | 11950 | |
| | **जम्मा** | **52,505** | |

**१०.२ भरतपुर खानेपानी आयोजना मर्मत सुधारः**

आ.व. २०७३।०७४ मा भरतपुर खानेपानी आयोजना मर्मत सुधार अन्तर्गत भएका मुख्य कार्यहरु यस प्रकार छन् ।

- ४२२ वटा मुख्य लिकेज र ५८९ वटा सामान्य लिकेज मर्मत
- नयाँ मिटर जडान ६२६,वटा
- मिटर मर्मत सेवा ६६८,
- होलचेन्ज ३६ वटा
- लागत कट्टा ६
- र मिटर सार्ने सेवा १७
- यसबाट सेवाशुल्क बापत रु.२,७८,००० ।- प्राप्त भएको
- विभिन्न स्टेशनमा अवस्थित पानी तान्ने मोटर, पम्प, ट्रान्सफर्मर, प्यानल बोर्ड लगायतका अन्य, विद्युतिय उपकरणहरुको नियमित मर्मत संभार
- शरदपुर स्थित ८२.५ के.भि.ए.को जेनरेटर भरतपुर स्थित १०० के.भि.ए. को २ वटा जेनरेटरहरुको मर्मत गरिएको
- विभिन्न स्थानमा रहेका ५ सेट जेनरेटरहरु नियमित रुपमा सर्भिसिङ्ग गरिएको
- डिभिजन सडक कार्यालयले र भरतपुर महानगरपालिका अन्तर्गतका विभिन्न सडकहरुको सुधार विस्तार मर्मत, सतह ढल निर्माण गर्ने क्रममा आकस्मिक रुपमा टुटफुट हुन गएका र जेसिवि प्रयोग गर्दा फुटेका उप्किएका पाईपहरुको मर्मत सुधार एवं प्रतिस्थापन गरिएको
- भरतपुर स्थित कार्यालयको प्रेवशद्वारमा रहेको पुरानो साईनवोर्ड हटाई नया साईनवोर्ड राखिएको र कार्यालय भित्र सूचना पार्टी र उजुरी पेटिका राखिएको
- भरतपुर र कृष्णपुर कार्यालय स्थित मुख्य प्रवेशद्वारको जमिन होचे भई पानी जम्ने भएकाले २, २ ट्रिपर ग्राभेल राखी सम्याउने कार्य गरिएको
- तोरीखेत पम्प स्टेशन र त्रिचोक पम्प स्टेशनमा राखिएको तारवार जिर्ण भएकोले पुरानो हटाई नँया राखीएको

### १०.३ धनगाडा खानेपानी आयोजनाः

- यस आयोजना अन्तर्गत बाँकी संरचनाहरु पाईपलाईन, ओभरहेड टंकी, वोरिङ्ग, विद्युतिकरणका सतही पानी संकलन टंकी पम्प घर, पाले घर निर्माणको लागि खानेपानी तथा ढल निकास विभागको सहलगानी कार्यक्रममा समावेश भै विस्तृत सर्वेक्षण र ओभरहेड टंकी निर्माण स्थलको माटो परिक्षण भै विस्तृत डिजाईन प्रतिवेदन समेत तयार भै निर्माण कार्यको लागि टेण्डर प्रकृया सम्पन्न गरी पाईपलाईन विच्छ्याउने र संरचना निर्माणको काम समेत शुरु भैसकेको र असार मसान्त सम्ममा थप नँया वारिङ्ग खन्ने कार्य समेत सम्पन्न भै सकेको
- यसै आयोजना अन्तर्गत वार्ड नम्वर ९ कोकाकोला कम्पनी आसपासको क्षेत्रमा कोकाकोला कम्पनी ८०% र खानेपानी व्यवस्थापन वोर्डको २०% लगानीमा ६ कि.मि. नँया पाईपलाईन विस्तार गरिएकोमा पछि केही स्थानमा नपुग भएकोले वोर्डवाट २५० मिटर पाईपलाईन विस्तार गरिएको
- भरतपुर महानगरपालिका वार्ड नम्वर ९, ११, १२ लाई लक्षित गरी नेपाल सरकारको खानेपानी तथा ढल निकास विभाग र खानेपानी व्यवस्थापन वोर्डको सह लगानीमा धनगाढा खानेपानी आयोजनाको निर्माण कार्यको टेण्डर प्रकृया सम्पन्न भई नसकेको अवधिमा केही अत्यावश्यकिय स्थानहरुमा उपभोक्ताको माग र आवश्यकता अनुसार पाईपलाईन विस्तार गरिएको
- चैत्र, वैशाखमा आएको भिषण हावाहुरीले परघरको जस्ताको छानो उडाएकोले नँया जस्ता र ट्रस राखी मर्मत गरिएको

### १०.४ प्रेमवस्ती कालीका खानेपानी आयोजनाः

- यस आ.वा. स्थानिय उपभोक्ताहरुको माग अनुसार आयोजनाको सेवाक्षेत्र भित्र विभिन्न स्थानहरुमा ६४१२ मिटर नँया पाईपलाईन विस्तार गरिएको
- यस आयोजनको सेवाक्षेत्र भित्र वोर्डवाट एक स्थानमा भल्व च्याम्वर निर्माण गरिएको
- यस आयोजनाको आसपासमा थप संरचना निर्माणको लागि जग्गा खरिद गर्न रकम छुट्टाईएको भएता पनि स्थानिय चुनाव लगायत विभिन्न कारणले खरिद गर्न नसकिएको

### १०.५ कैलाशनगर खानेपानी आयोजना :

- यस बर्ष कैलाशनगर फुलवारी र फुलवारीको विभिन्न स्थानहरुमा 2512 मिटर पाईपलाईन विस्तार गरिएको

### १०.६ आनन्दपुर खानेपानी आयोजना :

- आनन्दपुर, कल्याणपुर, लक्ष्मिपुर र मंगलपुरका खानेपानी अभावग्रस्त क्षेत्रहरुमा यस आ.व.मा कुल ८२०० मिटर नँया पाईपलाईन विस्तार गरिएको
- भरतपुर महानगरपालिका वडा नम्वर ५ लक्ष्मिपुर स्थित राममन्दिर व्यवस्थापन समितिले मिति २०७३।०१।२७ गते गरेको अनुरोध अनुसार साविक मंलगपुर गा.वि.स. वार्ड नम्वर ३ क हाल भरतपुर ५ को कित्ता नम्वर ५८ को क्षेत्रफल ०-५-१५ जग्गा मध्ये उत्तरी भागमा जग्गा मन्दिरकै स्वमित्वमा रहने गरी डिप वोरिङ्ग गरी खानेपानी लाईन विस्तार गर्न यस वोर्डलाई अन्दाजी १५ धुर जग्गा उपलव्ध गराईएको
- लक्ष्मिपुर स्थित उक्त क्षेत्रफल वरावरको जग्गा नाँपजाँच गराई चारकिल्ला सिमाना छुटट्याइएको
- १ वटा डिप वोरिङ्ग गरिएको र पानीको अभावग्रस्त केही क्षेत्रहरुमा पाईपलाईन विस्तार समेत गरिएको
- आषाढ मसान्तसम्म ११० जना थप ग्राहकले निजि धारा जडान गरि सकेका

### १०.७ पटिहानी खानेपानी आयोजना

- यस आयोजना क्षेत्रमा खानेपानी तथा सरसफाई डिभिजन कार्यालय चितवन समेतको लगानीमा पटिहानी, पकौडी वजार धनौजी जस्ता वाक्लो वस्ती भएको केही क्षेत्रका विभिभन्न वस्तीहरुमा कुल १२९५० मिटर पाईपलाईन विस्तार गर्ने कार्य यस वोर्ड मार्फत गरिएको
- पम्पघर, चौकीदार घर निर्माण कार्यको लागि ठेकेदार संग सम्झौता भई कार्यादेश समेत दिई सकेको अवस्थामा जग्गा खरिद गरिएको व्यक्ति र छिमेकीको आपसी असमझदारीका कारण उक्त पम्पघरको जगको काम मात्र सम्पन्न भएको र वाँकी काम आ.व. २०७४।०७५ मा सम्पन्न गरिने
- पप्म स्टेशनमा विद्युत प्रशारण लाईन र ट्रान्सफर्मर जडानको काम समेत सम्पन्न भएको र टिओडी मिटरको लागि नेपाल विद्युत प्राधिकरणमा निवेदन दिई जडानको प्रकृयामा रहेको
- गत वर्ष निर्माण सम्पन्न गरिएको डिप वोरिङ्गको लागि आवश्यक पानी तान्ने मोटर र कोलुम पाईप समेत खरिद भई सकेकोले र आ.व. २०७४।७५ मा उक्त कोलुमपाईम र मोटर राखी पानी वितरण गर्ने

- नारायणगढ, माडी - ठोरी हुलाकी मार्गका विभिन्न ४ स्थानमा पिचवाटो क्रस गरी पाईपलाईन विस्तार गर्ने कार्य डिभिजन सडक कार्यालय चितवन संग समन्वय गरी गरिएको

## १०.८ कार्यालय भवन मर्मत तथा सेड निर्माण

- कृष्णपुर स्थित कार्यालय परिसार भित्र रहेको ४५० घ.मी. क्षमताको ओभरहेड टंकी, पालेघर र पम्पघरमा रङ्गरोगन गरिएको
- शरदपुर स्थित पम्प स्टेशनको गेट जिर्ण भई भाँचिएको ले नयाँ गेट निर्माण गरिएको
- त्रिचोक स्थित पम्पघरको तारवार जिर्ण भएकोले नयाँ तारवार लगाईएको

## १०.९ वातावरणीय सरसफाई कार्यक्रमः

- वातावरणिय सरसफाई सम्बन्धि जनचेतना अभिवृद्धि गर्ने खालका विभिन्न चेतनामुलक कार्यक्रम आयोजना गर्न बिभिन्न संघ संस्थालाई सहयोग गरिएको
- विश्व वातावरण दिवस, पानी दिवस, हात धुने दिवस, लगायतका दिवसहरुमा विभिन्न कार्यालय र संघसंस्था संग समन्वय गरी सहभागिता जनाइएको
- भ.म.न.पा वडा नं. ११ लाई पूर्ण वातावरण मैत्री वडा घोषणा गर्न भ.म.न.पा. र विभिन्न संघ संस्था संग समन्वयकारी भुमिका निर्वाह गरेको
- गत वर्ष यस वोर्डवाट पुलचोकमा निर्माण गरिएको शौचालयमा सोकेज पिटको क्षमता कम भएकोले थप अर्को सोकेज पिटको निर्माणको लागि आवश्यक सहयोग गरिएको
- भरतपुर २ नारायणगढ स्थित श्री आदिकवी भानुभक्त मा.वि. र भरतपुर गितानगर अवस्थित श्री सिद्धेश्वर प्राथमिक विद्यालयमा शौचालय निर्माणको लागि वोर्डवाट १ लाख २० हजार आर्थिक सहयोग गरिएको
- जैविक फोहर घरमै व्यवस्थापनको लागि भरतपुर महानगरपालिकाको विभिन्न टोलमा बोर्डबाट कम्पोष्ट च्याम्वरको प्रवर्द्धनको लागि ५० प्रतिशत रकम अनुदान दिई २१ घरमा कम्पोष्ट च्याम्वर निर्माण गरिएको

**तालिका नं.: कम्पोष्ट च्याम्वर वितरण गरिएका टोलहरुः**

| वडा नं. | टोलको नाम | संख्या (सेट) |
|---|---|---|
| ७ | उज्वल टोल विकास संस्था | ८ सेट |
| ११ | निलगिरी टोल विकास संस्था | ६सेट |
| १२ | शुभलक्ष्मी टोल विकास संस्था | ५ सेट |
| १२ | राधाकृष्ण टोल विकास संस्था | २ सेट |
| | **जम्मा** | **२१ सेट** |

## १०.१.१ तालिम, गोष्ठी, ग्राहक सचेतना तथा चुहावट नियन्त्रण कार्यक्रमः

यस कार्यक्रम अन्तर्गत आ.ब.२०७३।०७४ मा निम्न कार्यहरु सम्पन्न गरिएको छ ।

- बोर्डको आम्दानी खर्च, बार्षिक कार्यकम तथा सेवाशुल्कहरु लगायतका सूचनाहरु सेवाग्राही सम्म पुऱ्याउन विभिन्न पत्रपत्रिका, एफ.एम., टेलिभिजन, फ्लेक्स प्रिन्ट आदिबाट सूचना प्रवाह गरिएको ।
- खानेपानी धाराहरुको ब्यापक अनुगमन गरि आ.ब २०७३।०७४ मा २७ जना ग्राहकहरुबाट रु. २,६३,९०० थप महशुल संकलन गरिएको,

- बोर्डको नीति अनुरुप थप महशुल बापत संकलित रकममध्ये २० प्रतिशत रकम अनुगमनमा जाने कर्मचारीहरु र सूचना दिने व्यक्तिहरुलाई प्रोत्साहन स्वरुप प्रदान गरिएको
- कार्यालयका सम्पुर्ण प्राविधिक कर्मचारीहरुको लागि पानी सुरक्षा योजना सम्बन्धि र सम्पुर्ण प्रशासनिक कर्मचारीको लागि कर्मचारीको क्षमता अभिवृद्धि सम्बन्धि छुट्टा छुट्टै एक/एक दिनको प्रशिक्षण कार्यक्रम गरिएको ।
- सहायक प्रशासन अधिकृत र बरिण्ठ लेखा सहायक गरी २ जना कर्मचारीलाई सशुल्क चार दिने नतिजामुखी अनुगमन र मुल्यांकन सम्बन्धि तालिमको लागि पठाईएको
- सहायक प्रशासन अधिकृत र ईन्जिनियरलाई खानेपानी तथा सरसफाई मन्त्रालय र जाईकाले आयोजना गरेको Benchmarking सम्बन्धि २ दिने तालिमको लागि पठाईएको
- ईन्जिनियरलाई पानी सुरक्षा योजना सम्बन्धि ५ दिने तालिममा पठाईएको
- **१०.१.२ खानेपानी सुरक्षा योजना** (Water Safety Plan)

✓ वोर्डको खानेपानी सुरक्षा योजना टोली लगायत वोर्डका विभिन्न स्टेशनमा कार्यरत पम्प अपरेटर र अन्य कर्मचारीहरुलाई समेत पानी सुरक्षा सम्वन्धी १ दिने अभिमुखिकरण तालिम कार्यक्रमको आयोजना गरिएको ।

✓ आषाढको अन्तिम हप्तातिर भरतपर १२ आसपासका र अन्य क्षेत्रका उपभोक्ताहरु समेत पखलाको प्रकोप भएको भनि नजिकका क्लिनिकवाट जानकारी प्राप्त भए अनुसार उक्त क्षेत्रमा खानेपानी तथा सरसफाई सम्वन्धी सर्वेक्षण गरिएको र उक्त क्षेत्रहरुको पानी परिक्षण गर्दा पानीमा कुनैपनि हानीकारण तत्व नभेटिएको रिपोर्ट प्राप्त भएको ।

✓ श्रावणको अन्तिम सातातिर अति वर्षा भै चितवनका सोराहा, सिमलगौरी, गोलाघाट, घैलाघारी जस्ता क्षेत्रहरुमा वाढीले डुवान हुँदा धनजनको क्षती भएकोले तत्कालै WASH सेक्टरको आकश्मिक वैठकमा सहभागी भै उद्धार तथा वाढीले खानेपानी समेत प्रदुषित हुने भएकोले पानी शुद्धिकरण र सुरक्षित खानेपानी सम्वन्धि जनचेतना जगाउने कार्यमा सहभागी भएको र क्लोरिन, आक्वा ट्यावलेट जस्ता पानी शुद्धिकरण गर्ने औषधीहरु वितरण गरिएको ।

✓ खानेपानी तथा ढल निकास अन्तर्गतको पानी सुरक्षा शाखा र युनिसेफ समेतको संयुक्त आयोजनामा गरिएको एक हप्ते तालिममा वोर्डबाट ईन्जिनियरलाई तालिममा सहभागी गराईएको ।

✓ मालपोतचोक, रिजालचोक र आँपटारीमा म्यकष्लन एगफउ सहितको क्लोरिनेसन युनिट र भरतपुर, कृष्णपुर र नगरपालिका स्टेशनमा  Gravity Flow Mechanism बाट क्लोरिनेसन गर्ने व्यवस्था मिलाईएको

✓ गुणस्तर अनुगमनको लागि ३० जना ग्राहकहरु (Randomly Selected) को धाराबाट मासिक १ वटाका दरले पानीको नमुना संकलन गरि गुणस्तर (धमीलोपना, पि.एच., रेजिड्युवल क्लोरिन, कोलीफर्म व्याक्टेरीया)परिक्षण गरिएको

✓ परिक्षणको नतिजा नियमित रुपमा बोर्डको वेभसाईट www.bwsmb.org.np मा राखिएको

**११. यस वोर्डले आ.व. २०७४।७५ मा गर्नुपर्ने कार्यहरु :**

**क) भरतपुर खा.पा.आ. सुधार विस्तार अन्तर्गत**

- नँया पाईपलाईन विस्तारको लागि हाल सम्म माग भएको २५ कि.मि.
- भरतपुर स्थित ओभरहेड टंकीको आउटलेट वदल्नु पर्ने ।
- विद्यमान खानेपानी प्रणालीको संजालको प्रोफाईल तयारी गर्ने ।

**ख) धनगाडा खा.पा.आ.**

- यस आयोजनाको ठेक्का रकम रु १२,७७,८८,७८३।६२ ठेक्का सम्झौता भई पाइप लाईन तथा अन्य निर्माण कार्य समेत सुरु भैसकेको ।
- वोर्डले व्यहोर्नु पर्ने १६% रकम रु २,०४,४६,२०५.३७

**ग) प्रेमवस्ती खा.पा.आ.**

- नया पाईपलाईन विस्तार गर्नुपर्ने करिव ५ कि.मि.
- हालको ओभरहेड टंकी आसपास १ कठ्ठा जग्गा खरिद गर्नुपर्ने ।
- ८२.५ के.भि.ए. को जेनरेटर खरिद गर्नुपर्ने
- कार्यालय भवन, भत्किएको कम्पाउण्ड वाल निर्माण गर्नुपर्ने

**घ) कैलाशनगर खा.पा.आ.**

- हालको वोरिङ्ग रहेको स्थान आसपास थप संरचना र टंकी निर्माणको लागि २ कठ्ठा जमिन खरिद
- विभिन्न स्थानहरुमा गरी जम्मा ३ कि.मि पाईपलाईन विस्तार

**ङ) आनन्दपुर खा.पा.आ.**

- करिव ५.५ कि.मि. नया पाईपलाईन विस्तार

**च) लक्ष्मिपुर खा.पा.आ.**

- विद्युतिय ट्रान्समिसन लाईन ट्रान्सफर्मर जडान
- वोरिङ्गमा कोलम पाईप, मोटर पम्प र प्यानल वोर्ड जडान
- पालेघर पम्प तथा प्यानल वोर्ड घर र कम्पाउण्ड वाल
- वोरिङ्गको प्लेटफर्म र स्ट्याण्ड
- करिव १० कि.मि. पाईपलाईन विस्तार

**छ) पटिहानी खा.पा.आ.**

- पालेघर, प्यानलवोर्ड राख्ने घरको प्लिन्थ माथीको संरचना निर्माण
- वोरिङ्गमा प्लेटफर्म र स्ट्याण्ड निर्माण
- कोलम पाईप, मोटर, पम्प र प्यानल वोर्ड जडान
- करिव १० कि.मि. थप पाईपलाईन सहित नाला क्रसिङ्ग गर्ने

**ज) मंगलपुर खा.पा.आ**

- करिव ५ कि.मि. नयाँ पाईपलाईन विस्तार

**झ) जखडीमाई खा.पा.आ.**

- हाल वोरिङ्ग रहेको स्थान संगै थप १ वटा वोरिङ्ग गर्ने ।
- कोलम पाईप, मोटर पम्प र प्यानल वोर्ड खरिद र जडान
- विद्युतिय प्रशारण लाईन र ट्रान्सफर्मर जडान
- वोर्डको पाईपलाईनमा ईन्टरकनेक्सन गर्ने ।

## १२. भरतपुर खानेपानी प्रणालीका प्रमुख सूचकहरु (Key Performance Indicators):

### १२.१ औसत खपत अंक:

आ.ब. २०७३।०७४ को प्रति ग्राहक प्रति महिना औसत खपत अंक मिटर रिडिङ्गको आधारमा १९.९४ युनिट र बिलिङ्को आधारमा २१.४७ युनिट छ । जबकी गत बर्ष यो अंक क्रमश: १९ र २० थियो । आ.ब. २०७३।०७४ को चुहावट दर २५ प्रतिशत रहेको छ ।

### १२.२ औसत बिलिङ् रकम:

यस बर्ष प्रति ग्राहक प्रति महिना औसत बिलिङ रकम **रु.२८७.००** हुने अनुमान गरि महशुल अनुमान गरिएकोमा यथार्थ बिलिङ रकम रु.३०६।-रहेको छ ।

### १२.३ महशुल असुली तथा बक्यौताको स्थिति:

बि.सं. २०७३ साल आषाढ मसान्तमा  विभिन्न ग्राहकहरुबाट रु. १ करोड ३७ लाख २८ हजार पानी महशुलको रकम उठ्न बाकी रहेको छ । यो रकममध्ये करीब रु. १५,००,०००।- अघिल्ला बर्षहरुको बक्यौता रकम हो । अघिल्ला बर्षहरुको बक्यौता रकममध्ये करीव रु. ९ लाख घर ठेगाना फेला पर्न नसकेका, घर जग्गा बेचेर अन्यत्र गएका, धारा फेला पर्न नसकेका र कार्यलयनै बन्द भईसकेका सरकारी कार्यालयहरु, ग्राहकको नम्बर डबल परि बक्यौता देखिन गएको, लागत कट्टा भई सकेका ग्राहकको पनि न्युनतम बिलिङ् भईरहेको आदी कारणहरुले बक्यौताको रुपमा रही आएको छ । यस प्रकृतिको बक्यौता बोर्डबाट निर्णय गरि लागतबाट हटाउन मनासिब देखिन्छ ।
विशेष गरी  वडा नं. १, २, ३,४ र १० का पुराना ग्राहकहरुबाट बढि मात्रामा महशुल उठन बाँकी छ । यस आर्थिक बर्षको अन्तमा करीव २ महिनाको बिल बराबरको रकम उठ्न बाँकि देखिएको छ । यसबाट महशुल असुलीमा सुधार

भएको देखिन्छ । यस प्रणालीका प्रमुख सूचकहरु (Key Performance Indicators) तयार गरिएको छ । उक्त सूचकहरुको सारांश यस प्रकार छ ।

भरतपुर खानेपानी प्रणालीका प्रमुख सूचकहरु (KeyPerformance Indicators)

| विवरण | आर्थिक बर्ष | | | आ.ब. ०७३।०७४ | कैफियत |
|---|---|---|---|---|---|
| | २०७०।०७१ | २०७१।०७२ | २०७२।०७३ | | |
| **औषत ग्राहक संख्या (१/२" )** | **14850** | **16715** | **18154** | **20307** | |
| **सेवा पुगेको जनसंख्या** | 92070 | 105000 | 115000 | 133883 | |
| **सेवा पुगेको जनसंख्या, प्रतिशत** | **58** | **45** | **48** | **39** | |
| दैनिक सरदर पानी उत्पादन, लिटर | 15200000 | 16000000 | 16700000 | 18700000 | |
| दैनिक सरदर पानी विक्री, लिटर | 11203000 | 11200000 | 11770000 | 13500000 | |
| **मिटर भएको धाराको प्रतिशत** | **98** | **99** | **99.5** | **99=5** | |
| **चुहावट, प्रतिशत** | **30** | **30** | **26** | **25** | |
| पानी सप्लाई समय, घण्टा | **9** | **10** | **11** | **12** | |
| **पानी नचल्ने धाराहरुको प्रतिशत** | **guGo** | **%}g** | **%}g** | **%}g** | |
| प्रति व्यक्ति उत्पादन/बिक्रि, लिटर | 170/125 | 160/111 | 158/117 | 159/123 | |
| प्रति युनिट इन्धन दर रु. (जेनरेटर सहित) | 6.90 | 7.44 | 7.20 | 7.63 | |
| प्रति ग्राहक औषत खपत(रिडिङ अनुसार/बिल अनुसार) | 18/22 | 18/20 | 19/20 | 19.94/ 21.47 | |
| **प्रति युनिट पानी सप्लाईमा लाग्ने खर्चहरु** | | | | | |
| ईन्धन खर्च, रु. | 3.46 | 3.68 | 3.58 | 3.83 | |
| कर्मचारी खर्च रु. | 2.67 | 3.27 | 3.33 | 3.61 | |
| प्रशासनिक खर्च | 0.85 | 0.71 | 0.71 | 0.67 | |
| मर्मत संभार, खर्च रु. | 0.98 | 0.94 | 1.06 | 1.35 | |
| नियमित सुधार विस्तारमा लगानी, रु. | 3.57 | 5.94 | 6.54 | 6.39 | |
| जम्मा प्रत्यक्ष खर्च, रु. | **11.53** | **14.54** | **15.22** | **15.85** | |
| अप्रत्यक्ष खर्च (उपदान, ऋण, सापटी र ह्रासकट्टी)रु. | **4.21** | **3.26** | **3.27** | **3.22** | |
| ऋणको साँवा व्याज | **2.89** | **2.26** | **2.17** | **2.39** | |
| **जम्मा खर्च रु.** | **18.63** | **20.06** | **20.66** | **21.46** | |
| **प्रति यूनिट आम्दामी, रु.** | | | | | |
| पानी महशुल, रु | **11.00** | **13.07** | **14.48** | **14.97** | |
| अन्य आम्दामी, रु. | **2.75** | **2.84** | **3.31** | **4.82** | |
| जम्मा आम्दानी (प्रति युतिट) रु | **13.75** | **15.91** | **17.79** | **19.79** | |
| प्रति युनिट घाटा रु | **4.88** | **4.15** | **2.87** | **1.67** | |
| **प्रति ग्राहक प्रति महिना लाग्ने संचालन खर्चहरु** | | | | | |
| ईन्धन खर्च, रु. | 78.00 | 74.65 | 69.64 | 76.42 | |
| कर्मचारी खर्च रु. | 61.00 | 66.49 | 64.86 | 72.11 | |
| प्रशासनिक खर्च, रु. | 19.00 | 13.48 | 13.82 | 13.36 | |
| मर्मत संभार, केमिकल र अन्य खर्च रु. | 22.00 | 19.71 | 20.63 | 25.56 | |
| **जम्मा संचालन खर्च, रु.** | **180** | **174** | **169** | **187** | |
| **प्रति ग्राहक प्रति महिना लाग्ने ओभरहेड खर्चहरु** | | | | | |
| कर्मचारी विदा तथा उपदान खर्च, रु. | 7.00 | 2.85 | 3.67 | 6.15 | |
| वितरण लाईन तथा उत्पादन क्षमता विस्तारमा लगानी, रु. | 81.00 | 120.58 | 127.31 | 127.44 | |
| सापटी फिर्ता, ऋणको साँवा ब्याज भुक्तानी, रु. | 40.00 | | | | |
| ह्रासकट्टी खर्च, रु. | 73.00 | 63.68 | 59.88 | 54.98 | |
| खानेपानी महशुल निर्धारण आयोगको सेवाशुल्क, रु. | 1 | 1 | 2.44 | 2.56 | |

| | | | | | |
|---|---|---|---|---|---|
| जम्मा ओभरहेड खर्च रु. | **202** | **188** | **193** | **191.13** | |
| **कुल जम्मा खर्च, प्रति ग्राहक प्रति महिना रु.** | **382** | **362** | **362** | **378.13** | |
| **एक हजार ग्राहक बराबर कर्मचारी संख्या** | **3.03** | **3.05** | **2.77** | **2.14** | |
| **प्रति ग्राहक प्रति महिना औषत आम्दामी, रु.** | | | | | |
| महशुल आम्दामी, रु. | 229 | 265 | 287 | 298.60 | |
| अन्य आम्दामी, रु. | 61 | 57.6 | 64 | 96.19 | |
| जम्मा आम्दामी, रु. | **290** | **323** | **351** | **394.79** | |
| **प्रति ग्राहक घाटा, रु.** | **-92** | **-40** | **-11** | **-16.66** | |
| **संकलन अवधि, दिन** | 60 | 60 | 55 | 60 | |

महशुल निर्धारण आयोग वाट २०७० फाल्गुन १ गते बाट लागु हुने गरी निर्धारण गरिएको भरतपुर खानेपानी व्यवस्थापन वोर्डको नँया महशुल दर

| पाईप साइज | धारा किसिम | मिटर भएका धारा | | |
|---|---|---|---|---|
| | | न्यूनतम खपत लिटर | न्यूनतम महशुल दर रु. | बढी खपत महशुल दर रु. (प्रति हजार लिटर) |
| | | | कायम गरिएको | कायम गरिएको |
| १/२" | निजि/घरायसी | १०००० | १०० | १८ |
| १/२" | संस्थागत | १०००० | १३५ | २० |
| ३/४" | निजि,संस्थागत | २७००० | ९७५ | ३० |
| १" | निजि,संस्थागत | ५६००० | २०२० | ३० |
| पाईप साइज | धारा किसिम | मिटर नभएको धाराहरु | | थप शाखा धाराहरु |
| १/२" | निजि/घरायसी | २४००० | ८१० | ३०० |
| १/२" | संस्थागत | २४००० | १०८० | ५०० |
| ३/४" | निजि,संस्थागत | ६५००० | २७०० | २००० |
| १" | निजि,संस्थागत | १३५००० | ५४०० | ३३०० |

अन्य सेवाशुल्कहरु

| क्र. सं. | विवरण/आय शिर्षक | कायम गरिएको दर रु. |
|---|---|---|
| | | १/२ " |
| १ | निवेदनशुल्क | २००.०० |
| २ | धारा जडानशुल्क **(क)** | ४०००.०० |
| ३ | धरौटी | १०००.०० |
| ४ | नामसारी शुल्क, अंशवण्डा बाट प्राप्त गर्दा | ५००.०० |
| ५ | नामसारी शुल्क, अन्य तरिकाबाट प्राप्त गर्दा | १०००.०० |
| ६ | ठाउँसारी | २७००.०० |
| ७ | होलचेन्ज दस्तुर | ५००.०० |
| ८ | १/२" जि.आई. पाईप | परल मुल्य |
| ९ | मिटर बिक्री, १/२"**(ख)** | परल मुल्यमा १०५ सेवा शुल्क लिई बिक्री तथा जडान |
| १० | फेरुल बिक्री,१/२"**(ग)** | परल मुल्यमा १०५ सेवा शुल्क लिई बिक्री गरिने |
| ११ | ग्राहक कार्ड बिक्री | १०.०० |
| १२ | ग्राहक नम्बर प्लेट दस्तुर | १००.०० |

**(क)** समूहगत धारा तथा नेपाल सरकारको अधिकारिक निकायबाट विपन्न परिवार भनि परिभाषित भएको व्यक्तिलाई १/२" धारा जडान शुल्क र धरौटी रकमा ५०५ छुट दिईनेछ ।
**(ख)** १/२ " भन्दा ठूलो धाराको हकमा जडान खर्च, धरौटी, नामसारी, ठाँउसारी र होलचेन्ज शुल्क लिँदा १/२ " धाराको दररेटमा ३/४ " र १" को लागि क्रमशः २.२५ र ४.०० ले गुणा गरि लिईनेछ ।
**(ग)** ग्राहकले गुणस्तरीय मिटर बजारबाट समेत खरिद गर्नसक्ने ।

(**घ**) ग्राहकले गुणस्तरीय फेरुल बजारबाट समेत खरिद गर्नसक्ने ।

# वोर्डका विविध गतिविधी सम्वन्धी केही फोटोहरु





जखडीमाई खा.पा.आ.मा उपभोक्ता भेला



वोर्डका कर्मचारी लिक मर्मत गर्दै



पटिहानी खा.पा.आ.मा निर्माणधिन पाले घर र स्ट्याण्ड



पटिहानी खा.पा.आ.मा पाईपलाईन जडान हुदै



वोर्डको कृष्णपुर स्थित ५० के.भि.ए. को ट्रान्सफर्मर मर्मत गरिदै



शरदपुरमा पाईपलाईन मर्मत गर्दै कर्मचारी



वोर्डका तत्कालिन अध्यक्ष महेश वरालज्यू को विदाई कार्यक्रम



तत्कालिन अध्यक्ष प्रेमराज जोशीज्यू लाई स्वागत कार्यक्रम पछिको वोर्ड सदस्य सहितको फोटो



लक्ष्मिपुर खा.पा.आ.मा डिप वोरिङ्ग गर्न मेसिन जडान गरिदै




विश्व पानी दिवशको अवसरमा वोर्डवाट र्‍यालीमा सहभाति जनाउदै



आ.व. २०७३/०७४ मा आवश्यक पर्ने खरिदको वोलपत्रहरु खोलिदै



धनगाडा खा.पा.आ.को पम्पघर



पानी सुरक्षा योजना सम्वन्धी १ दिने तालिम



कर्मचारीको क्षमता अभिवृद्धि सम्वन्धी १ दिने तालिम



सहलगानी कार्यक्रम अन्तर्गत धनगाडा खा.पा.आ.मा डिप वोरिङ्ग गरिदै



डिभिजिन प्रमुखज्यू वाट धनगाडा सहलगानी खानेपानी आयोजना वारे जानकारी गराउनु हुदै



वोर्डका प्राविधिक कर्मचारीद्वारा लिक मर्मत गरिदै



वोर्डका कर्मचारीद्वारा कार्यालय सरसफाई गरिदै